हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : १७४ पृष्ठ : ४ २०७७ माघ १२ गते सोमबार (Monday 25 January 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६

जे.डी.


स्टेशनरी एण्ड स्पोर्टस सेन्टर

लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

## नगर, वडा र क्लबको सहयोगले नमूना बन्दै सामुदायिक विद्यालय



श्री हिमालय आधारभूत विद्यालय सिमलटोकी

धनगढीमाई न.पा.-१२, सिरहा

शिक्षक आचार संहिता-२०७५

१ विद्यालय पोशाकमा नियमित रुपमा निर्धारित समयभित्र विद्यालयमा उपस्थित हुनेछौ ।
२ दैनिक पाठयोजना र आवश्यक शैक्षिक सामग्री सहित कक्षा कोठामा प्रवेश गर्नेछौ ।
३ कक्षा कोठामा धुम्रपान र विद्यालय हातामा मादक पदार्थ सेवन गर्नेछैनौ ।
४ विद्यार्थीहरुलाई शारीरिक तथा मानसिक पीडा हुनेगरी कुटपिट एवं कुनै पनि किसिमको दण्ड सजाय गर्नेछैनौ ।
५ कक्षामा विद्यार्थीहरुले बुझ्न सक्ने गरी शुद्ध र स्पष्ट भाषाको प्रयोग गर्नेछौ ।
६ बाल अधिकारको पूर्ण पालनका साथै बालबालिकाप्रतिको संवेदनशीलता र बाल मनोविज्ञानलाई ख्याल गरी बालमैत्री पठन-पाठन विधिलाई अवलम्बन गर्नेछौ ।
७ विदामा बसेको अवस्थामा सम्बन्धित कक्षाका विद्यार्थीहरु र विद्यालय प्रशासनलाई पूर्व जानकारी गराउनेछौ । सो क्रममा घण्टी लिजर नहुने गरी अन्य शिक्षकबाट सहयोग लिई कक्षा सुचारु राख्ने कार्य गराउनेछौ ।
८ अन्य शिक्षक र विद्यार्थीहरुवीचमा जातिय र लैंगिक हिसावले कुनै पनि किसिमको भेदभाव मान्ने छैनौ, र गर्ने पनि छैनौ ।
९ धार्मिक वा साम्प्रादायिकता फैलिने किसिमका शव्द र भाषाको प्रयोग गर्नेछैनौ ।
१० दैनिक पाठ्ययोजना र बार्षिक कार्ययोजनालाई पूर्णरुपमा कार्यान्वयन गर्ने गराउनेछौ ।
१० निरन्तर मूल्याङ्कन प्रणाली (CAS) लाई प्रभावकारी रुपमा अवलम्बन गर्नेछौ ।
११ सक्रिय राजनीतिक गतिविधिमा मुछिने कार्य गर्नेछैनौ ।
१२ विद्यालयले दिएको जिम्मेवारीलाई जवाफदेही रुपमा बहन गर्नेछौ ।
१३ कक्षाको घण्टी लागेको ५ मिनटभित्र कक्षामा प्रवेश भई शिक्षण कार्य गर्नेछौ ।
१४ प्रार्थनाको समयमा विद्यार्थीहरुसंगै राष्ट्रिय गानमा सरिक हुनेछौ ।
१५ हरेक महिनामा एक पटक कक्षामा विद्यार्थीहरुलाई आफ्नो विषयको जाँच लिनेछौ ।





**मणिलाल विश्वकर्मा**

लहान । सिरहाको धनगढीमाई नगरपालिका-१२ सिमलटोकीस्थित हिमालय आधारभूत विद्यालय नगर, वडा र क्लबको निरन्तर सहयोगसँगै गुणस्तरीय पठनपाठन, भौतिक पूर्वाधार विकास र अतिरिक्त क्रियाकलापमा जोड दिएको छ ।

धनगढीमाई नगरको गडम्मे, कुशमाहा, डाँडा, सिमलटोकी, डुङ्डुङे तथा लहान नगरको रनहा, खेसराहा लगायतका गाउँका बिपन्न समुदायका विद्यार्थीहरू पढ्ने उक्त विद्यालयमा विद्यालय नमूना बनाउने गरी कक्षा ६ देखिमाथि कम्प्युटर अध्यापन अनिवार्य गरिएको छ ।

संघीय संरचना अन्तर्गत स्थानीय मातहत रहेको सामुदायिक विद्यालयहरू प्रायः लथालिङ्ग व्यवस्थापन, भताभुङ्ग भौतिक पूर्वाधार र पठनपाठन अनियमित हुने आमधारणा रहने भएपनि विद्यालयलाई नमूना बनाउन नगरपालिका, वडा कार्यालय, विद्यालय प्रशासन, व्यवस्थापन समिति र सामाजिक संघ संस्थाले सहकार्य गरिरहेका छन् ।

वि.सं. २०१३ सालमा स्थापना भएको उक्त विद्यालयलाई नगरको शिक्षा शाखा, धनगढीमाई १२ नं. वडा कार्यालय र लहानस्थित दलित जनकल्याण युवा क्लबले निरन्तर सहयोग गरिरहेको प्रधानाध्यापक भूपेन्द्रबहादुर हमालले बताए । प्रधानाध्यापक हमालका अनुसार आर्थिक वर्ष २०७५/०७६ देखि २०७७/०७८ को साउनसम्म क्लबले तीन लाख ६८ हजार रूपैयाँ बराबरको सामग्री सहयोग उपलब्ध गराएको छ । 'क्लबले पुस्तकालय दराज एक थान, पाँच थान कुर्सी, कार्पेट, बालबालिका खेल्ने ढिकी, पिङ्, चिप्लेटी, १८ थान पङ्खा, तीन थान कम्प्युटर, टेबुल बेञ्च, बाल मैत्री भित्ते लेखन गरिदिएको छ' उनले भने ।

क्लबले उपलब्ध गराएको र विद्यालय, नगर शिक्षा शाखाले उपलब्ध गराएकोसहित कम्प्युटर जडान गरेपछि हप्तामा कम्तिमा तीन दिन कक्षागत रूटिन कायम गरी कम्प्युटरको पढाई हुने गरेको कम्प्युटर शिक्षक दिनेश्वर महतोले बताए । विद्यालयको अतिरिक्त आयश्रोत नहुँदा

बाँकी ३ पेजमा

## प्रदेश २ : दोस्रो चौमासिकसम्म चालू आवको खर्च पाँच प्रतिशत

प्रदेश २ सरकारको चालू आर्थिक वर्षको खर्च न्यून रहेको छ । दोस्रो चौमासिक बित्न लाग्दा अहिलेसम्म पाँच प्रतिशत मात्र खर्च भएको बताइएको छ । प्रदेश २ का आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव काशीराज दाहालले कार्यविधि मापदण्डलगायत प्रक्रियाहरू बनाउने अवस्थामा रहेको कारणले खर्च हुन नसकेको बताए ।

सचिव दाहालका अनुसार बजेट वक्तव्य आएपछि सम्बन्धित मन्त्रालयमा सोझै अख्तियारीमा जाने व्यवस्था गरिए पनि मन्त्रालयबाट समयमा बजेट बाँडफाँट गरेर नपठाउँदा रकम खर्च हुन नसकेको हो । प्रदेश २ मा हालसम्म चालूतर्फ ६ र पूँजीगततर्फ पाँच प्रतिशत मात्रै खर्च भएको छ । प्रदेश २

बाँकी ४ पेजमा

सूचना ! सूचना !! सूचना !!!

MASSEY FERGUSON

मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा

रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट



यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।

गिफ्ट किसिम :-
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller



हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान :- रत्ना ओटो पडरिया-१, लहान सिरहा

फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

बगैंचा सहितको जग्गा बिक्रीमा

लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, ७ फिट मोटाई भएको टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।

सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०

छिटो भनेकै WORLDLINK



*Terms and Conditions Apply

SPEEDमा BOOST नगदमा छुट

3C 25 Mbps Rs. 1,250 | 6C Rs. 2,700 Rs. 2,200

FREE

Enjoy 100+ HD Channels & 150+ SD Channels FREE with WorldLink

Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरु

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु

बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव

मधुमेह, प्रेसर डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## सम्पादकीय

# मुक्तिको खोजीमा हरवा-चरवा

नेपाली शब्दकोशले 'हरुवा' भनेको खेतबारीमा हलो जोत्ने र 'चरुवा' भनेको गाईवस्तु चराउने मानिस अर्थ्याएको छ । तराईमा हरुवालाई हरवाह र चरुवालाई चरवाह भनिन्छ । नेपालको संविधानमा भने हरवा–चरवा शब्द प्रयोग गरिएको छ ।

साठीको दशकसम्म हरवा–चरवा पूर्णत : बँधुवा श्रम व्यवस्था थियो । ऋण, अन्न वा जमिन कमाउन लिएबापत परिवारको केही वा सबै सदस्यले गिरहतकोमा खेतीपाती लगायतको काम गर्नुपर्थ्यो । वार्षिकरुपमा गिरहतले केही अन्न दिन्थ्यो । कतिले ऋण वा अन्न लिएको ब्याजस्वरुप सित्तैमा काम गर्नुपर्थ्यो । गिरहत बाहेककोमा काम गर्न पाईँदैनथ्यो । हिजोआज भने यसरी काम गर्नेको संख्या घटेको छ । शोषणविरुद्धको बढ्दो चेतना र नयाँ कानुनी प्रावधानहरुका कारण हरवा–चरवा प्रथा कायमैं रहेपनि काम गराइको शैलीमा भने विस्तारै परिवर्तन देखिन थालेको छ । तर शोषण र पीडाको मात्रा भने करिब उस्तै छ ।

हरवा–चरवा भूमिहीन छन् । गाउँब्लक, अरुको जग्गा, पोखरीको ढिक, नदीको किनार, ऐलानी आदि जग्गामा साना झुप्रा बनाएर जीवन बिताइरहेका छन् । कतिको नागरिकता छैन । बालबच्चाको जन्म दर्ता छैन । चरम गरिबीकै कारण उनीहरुका बालबालिका विद्यालय नै जाँदैनन् । छुवाछूत र जातीय विभेदले पनि थिचिएका छन् । यी यस्ता कारण हुन्, जसले पुर्खौंदेखि मानिसलाई अरुको घरमा कामदार बस्नुपर्ने अवस्था सिर्जना गरिदिएको छ । हरवा–चरवा त्यसैको प्रमाण हो ।

आर्थिक बिपन्नताको कारणले ऋण बन्धनमा परेर न्यून ज्यालामा कृषि मजदुरी र गाईवस्तु चराईरहेका पूर्वी र मध्य तराई क्षेत्रमा बसोवास गरेका तिनै हरवा चरवाहरुले १० बुँदे घोषणासहित शनिबार सिरहाको लहानमा दोस्रो राष्ट्रिय सम्मेलन गरेका छन् । 'हरवा चरवा प्रथा अन्त्यको घोषणा गर, भूमिसहित न्यायपूर्ण पुन:स्थापना गर' भन्ने नारासहित सम्पन्न सम्मेलनले स्थानीय तहमार्फत् हरवा चरवाको तथ्यांक संकलन गरी परिचय पत्र वितरण, अनुचित ऋण खारेजीसहित पुन:स्थापना गर्दा १० कठ्ठा जग्गा वितरण गरिनु पर्ने, तिनका लागि शिक्षा, स्वास्थ्य र रोजगारीमा प्राथमिकताको माग गरेको छ । विशेषगरी भूमिहीन, दलित तथा सिमान्तकृत समुदायका व्यक्तिहरु दासत्वको शिकार भइरहेकाले सरकारले हस्तक्षेपकारी भूमिका खेल्नु पर्ने, बाध्यकारी श्रम मुक्त मुलुक घोषणा गरी त्यस्तो श्रम प्रणालीलाई निषेध र दण्डनीय बनाउन एकीकृत कानुन बनाउन माग गरिएको छ ।

त्यस्तै, मुक्त हलिया, बालीघरे, मुक्त कमैया तथा हरवा चरवाको भूमि, आवास एवम् रोजगारी सुनिश्चितताका लागि भूमि सम्बन्धी समस्या समाधान आयोगमार्फत् कार्यक्रम संचालन, भूमि आयोगको कार्य विवरणमा बाध्यकारी श्रमको मारमा परेका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको स्पष्ट पहिचान गरी भूमि वितणमा विशेष प्राथमिकता, हरवा चरवामाथिको अनुचित ऋण खारेजी गरेपछि मात्र जमिन वितरणको माग गरिएको छ ।

घोषापत्रमा कानुनी स्वामित्वसहितको जग्गा नहुनु, नागकिता जस्ता परिचय पत्र नहुँदा सामान्य घर व्यवहार चलाउन पनि गाउँका गिरहत (साहु) सँग वार्षिक ३६ देखि एक सय २० प्रतिशतसम्म ब्याजमा ऋण लिने भएकाले साहुसँग ज्याला, समय र सुविधा जस्ता आधारभूत अधिकारको बारेमा कुरा गर्न नसकेकाले यस्तो प्रथा अन्त्यको माग गरिएको छ । हरवा चरवाको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन भूमि आयोगमार्फत् उनीहरुको वास्तविक तथ्यांक, सूचना, संकलन गरी पहिचान तथा प्रमाणीकरण लगायतका माग गरिएको छ । तसर्थ हरवा चरवा मुक्तिका लागि उनीहरुले उठाएका माग जायज छन् । यसलाई सरोकारवाला निकायले गम्भिरतापूर्वक लिएर कार्यान्वयन गर्न आवश्यक छ ।

# सत्ता, चुनाव र धाँधली

घोषित मिति (२०७८ वैशाख १७ र २७ गते ) चुनाव होला कि नहोला ? निर्वाचन आयोग सरकारको दबाबबाट मुक्त रहन सक्ला की नसक्ला ? यी र यस्तै प्रश्न यति बेला जनमानसमा छ । पार्टीको आन्तरिक विवादलाई निहुँ बनाएर संविधानको अक्षर र भावनाविपरीत संसद् भंग गरिएको, प्रधानमन्त्री केपी शर्मा ओलीले संवैधानिक निकायका प्रमुख र पदाधिकारीमा आफ्ना विश्वासपात्रलाई भर्ना गरेका कारण पनि निर्वाचनको निष्पक्षताप्रति सशय बढेको हो ।

त्यसमाथि संविधान र कानुनविपरित भए पनि प्रधानमन्त्रीका हरेक सिफारिसलाई राष्ट्रपति विद्यादेवी भण्डारीले खुरूक्क सहीछाप गर्ने गरेका कारण शक्ति सन्तुलनको अवस्था गुमेको छ । सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) कलह यता नेताहरूबीच चलेको अस्वस्थ आरोपप्रत्यारोपले समेत चुनाव भइहाल्यो भने पनि धाँधलीरहित हुन सक्ला र भन्ने प्रश्न उब्जाएको छ । यद्यपि, लोकतान्त्रिक शासन व्यवस्थामा चुनावको निष्पक्षता सुनिश्चित गर्ने संवैधानिक जिम्मेवारी निर्वाचन आयोगको हो । परन्तु, नेपालजस्ता गरिब मुलुकमा भने सत्ताधारीले शक्तिको दुरूपयोग गरी चुनाव प्रभावित गर्ने गरेको उदाहरण विगतमा बग्रेल्ती देखिएको छ ।

यो आलेख स्वतन्त्र, निष्पक्ष र धाँधलीमुक्त चुनाव गराउने संवैधानिक दायित्व बोकेको निर्वाचन आयोगमा कसरी दबाब दिइन्छ भन्ने विषयमा केन्द्रित छ ।

कुरा पञ्चायतकाल ( २०४३) को हो । गाउँ र नगर पञ्चायतको चुनाव हुँदै थियो । पञ्चायतका 'आउट पोस्ट' कब्जा गर्ने नीतिअनुसार नेपाली कांग्रेसले आफ्ना कार्यकर्ताहरूलाई स्वतन्त्र उमेदवारको हैसियतमा चुनावी प्रतिस्पर्धामा उतारेको थियो । काठमाडौ नगर पञ्चायतको प्रधानपञ्चमा कांग्रेसका हरिबोल भट्टराई र पञ्चपक्षधर रविचरण श्रेष्ठ प्रतिस्पर्धी थिए । प्रधानमन्त्री मरिचमान सिंहसहित पञ्चहरू रविचरणलाई जिताउन हरतरहले लागि परेका थिए भने गणेशमानको समर्थन हरिबोललाई थियो । तत्कालीन प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठले लेखकलाई सुनाएअनुसार – 'मतदान सकिएलगत्तै गणना सुरू भयो, हरिबोलले जित्ने अवस्था देखेर पञ्चहरू तिलमिलाए । गृहप्रशासनको दबाबमा राष्ट्रिय सभागृहमा जारी मतगणना रोकियो । त्यसको दुई तीन दिनसम्म पनि पुन: गणना सुरू हुन सकेन । गणना सुरू गर भन्दै दिनहु दसौं हजार कांग्रेस समर्थक नारावाजी गर्न थाले । म अप्ठेरोमा परेँ ।'

**जगत नेपाल**



गणना सुरू गर्नु भन्ने सन्देश आयोगले पठाए पनि गृह प्रशासनको चर्को दबाबका कारण निर्वाचन अधिकृत रहेका प्रमुख जिल्ला अधिकारी (सीडीओ) हिरण्यलाल रेग्मी अप्ठेरोमा थिए । गृहमन्त्रीको खप्की, धम्की र आदेश अवज्ञा गरेर मतदान सुरू गराउने जोखिम उनले उठाउने कुरै थिएन ।

प्रमुख निर्वाचन आयुक्त श्रेष्ठले लेखकलाई सुनाएका छन् – 'गृह मन्त्रीकै आदेशमा गणना रोकिएको छ भन्ने कुरा मेरो कानमा पुग्यो । धेरै शुभचिन्तकले फोन गरेर मलाई भन्न थाले लामो समय यसरी गणना रोकियो भने यसैलाई आधार बनाएर आन्दोलन गर्ने सम्भावना रहन्छ । कांग्रेसका नेताहरू त्यही विषयमा छलफल चलाइरहेका छन् । मैले सीडीओलाई नरोक्नुस्, गणना गर्नुस् भने । तर आफ्नै गृहमन्त्रीको आदेशविपरीत काम गर्न उनलाई सहज थिएन । बिचरा अप्ठेरोमा परे । यसबीच म आफैं मतगणनास्थलमा पुगे । दुवै पक्ष मतपेटिका कुरेर बसेका छन् । तनावपूर्ण अवस्था छ ।'

यसैबीच गृह राज्यमन्त्री प्रकाशबहादुर सिंहले प्रमुख आयुक्त श्रेष्ठलाई भेट्न आउनु भन्ने खबर पठाए । त्यस दिनको वार्तालाप श्रेष्ठले लेखकलाई यसरी सुनाए :–

सिंह : खबरदार, प्रमुख आयुक्त ज्यू गणना सुरू गर्नु होला नि ! यता उता गर्नु छ । मिलाउनु छ ।

श्रेष्ठ : मन्त्री ज्यूको कुरा मैले अलि बुझ्न सकिन नि !

सिंह : हजुरले अलिकति आँखा चिम्लिबक्सियो भने हामी सबै गरिहाल्छौ नि । किन छिटो गणना गराउनु पर्‍यो ? केही दिन रोकिँदा के नै बिग्रन्छ र ?

श्रेष्ठ : मन्त्री ज्यूले के भन्न खोज्नुभएको ?

सिंह : हाम्रो उमेदवारले जित्नु पर्‍यो नि आयुक्त ज्यू ! जे गर्नुपर्छ मेरो अंग प्रहरीले गर्छ । उब्रिएका मतपत्र सबै मिलाएर गर्छन् ।

श्रेष्ठ : मन्त्री जी कसरी मन्त्री हुनुभयो ? राजाले बनाएको होइन ? राजाले दिएको संविधानअन्तर्गत होइन ? राजाले तपाईलाई मन्त्री र मलाई प्रमुख आयुक्त बनाइबक्सियो । संविधानमा मेरो काम, कर्तव्य, अधिकार स्पष्ट छ । स्वतन्त्र छ । कसैको प्रभावमा नपर्ने खालको छ । मन्त्री ज्यूले मलाई बोलाएर यस्तो भन्नु त पदअनुकूलको काम भएन ? यो हजुरले भन्न पनि सुहाउँदैन । मैले गर्न पनि सुहाउँदैन । जनताले मत हालेक छन् । त्यसलाई गणना गरेर परिणाम घोषणा गर्ने मेरो संवैधानिक दायित्व हो । मलाई माफ गर्नुस् । सीडीओलाई पनि दबाब नदिनुस् ।

सिंह : प्रमुख आयुक्त ज्यूले अन्यथा लिनु भएन । सहयोग गर्नु पर्‍यो ।

विसं २०७६ भदौ १७ गते महराजगन्जस्थित निवासमा लेखकसँगको लामो कुराककानीका क्रममा श्रेष्ठले सुनाए – 'अनि त दरबार गुहार्नेबाहेक मसँग अर्को विकल्प रहेन ।'

मन्त्रीसँग भेटेपछि प्रमुख निर्वाचन आयुक्त श्रेष्ठ सिधै मतगणनास्थल राष्ट्रिय सभागृह पुगे । संयोगले शनिवार परेको थियो । अरू दिनको तुलनामा बढी नै भिड जम्मा भएको थियो । अनि नारावाजी पनि – 'मतगणना सुरू गर । धाँधली बन्द गर ।'

वातावरण हेरेपछि प्रमुख आयुक्त श्रेष्ठ आफैँलाई दिक्क लाग्यो । मन्त्रीको दबाब चिरेर तत्काल गणना सुरू गराउन सक्ने अवस्थामा थिएनन् उनी । राजा गुहार्नुबाहेक अर्को विकल्प देखेनन् ।

सभागृहबाट सिधै दरबारमा फोन लगाए । तिनताका संवैधानिक निकायका प्रमुखले समेत राजासँग सिधै सम्पर्क गर्न सक्दैनथे । एडीसीमार्फत जानुपर्थ्यो ।

श्रेष्ठले सम्झिए – 'मैले एडिसीलाई भने 'जरूरी छ । सरकारसँग कुरा गर्नुपर्ने भयो । मैले सिधा सम्पर्क गर्नसक्ने सम्भावना छ कि छैन ? छ भने सेवकलाई कुरा गर्ने अवसर मिलाई दिनुपर्‍यो । होइन, मिल्दैन भने मेरो तर्फबाट सरकारलाई बिन्ती गरिदिनु पर्‍यो मत गणना सुरू नगरेकाले कुनै घटना भयो भने प्रमुख आयुक्त जिम्मेवार हुँदैन ।'

केही समयको अन्तरालमै तुरून्त आउनु भन्ने दरबारको सन्देश उनले पाए । उनका अनुसार त्यस दिन राजासँग भएको वार्तालाप यस्तो थियो:–

श्रेष्ठ : सरकार सेवकलाई अप्ठेरो पर्‍यो । गृह राज्यमन्त्रीज्यूबाट मतगणना रोक्न दबाब आएको छ । मतगणनास्थलमा गणना छिटो सुरू गर्नुपर्‍यो भनेर दिनहुँ नारावाजी चलिरहेको छ । राज्यमन्त्रीज्यू भन्नुहुन्छ कसैलाई जिताउन मैले आँखा चिम्लिदिनु पर्‍यो रे !

श्रेष्ठको कुरा सुनेपछि राजाको अनुहार एकाएक रातो भएर आयो ।

दरवारका अधिकारीलाई बोलाएर भने 'चुनाव गराउने सम्पूर्ण दायित्व सूर्यप्रसादको हो । उसले जे भन्छ, त्यही गर्नु । उसले भन्यो भने अञ्चलाधीश, सीडीओ जे फेर्नु परे पनि फेर्नु ।'

सूर्यप्रसादले त्यो क्षण सम्झिए 'सरकार एकदमै रिसाइबक्सिएको थियो । मैले राजा त्यसरी नाराज भएको कहिल्यै देखेको थिएन । सरकारबाटै खबरदार कसैले हस्तक्षेप गर्‍यो भने भन्ने हुकुम भएपछि पञ्चहरूको त भागाभाग भैहाल्यो नि । राजाबाट आदेश त भयो । तर, त्यो कुरा दरवारका प्रमुख सचिव रञ्जनराज खनालमार्फत म कहाँ आउनुपर्ने । त्यो दिन उनी पूजाका लागि दक्षिणकाली पुगेका रहेछन् । हिजोआजजस्तो सहज सञ्चारको युग थिएन । राजाको आदेश थाहा पाएपछि रञ्जनले फोन गरे । अनि सीडीओको मद्तका लागि मैले आयोगबाट ठूलो टिम पठाई दिएँ । अनि बल्ल मतगणना सुरू भयो ।'

पञ्चहरू निलोकालो भए । कांग्रेसका उमेदवार हरिबोल भट्टराई प्रधानपञ्चमा विजयी भए र पञ्चायत पक्षधरको पराजय भयो । *साभार :बाह्रखरीबाट*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- रोकिएको धन हात पर्ला । मिष्ठान्न भोजन प्राप्ति हुनेछ । मनोरञ्जनमा सहभागी भइएला । साँझमा पैशा खर्च हुने योगछ । अतिथीको सेवा होला ।

**वृष** :- आज शुभकार्यको चर्चा चल्नेछ । वित्तीय संस्थाबाट सहयोग पनि पाइएला । विशिष्ट व्यक्तिको सहयोग पाईनछ । विश्वास गरेकाले साथ दिनेछन् ।

**मिथुन**:- आज मानसिक चिन्ता बढ्ने र मनमा दुविधा उत्पन्न हुनसक्छ । मालसामान पनि हराउन सक्छ, तर अनुसंधानात्मक कार्यमा मन जानेछ ।

**कर्कट** :- आज आज धर्म, कर्ममा रूचि बढ्नेछ । गरेका कामबाट राम्रै लाभ हुनेछ । नयाँ कार्यको थालनी हुनेछ । शुभ समाचारपनि सुन्न पाइएला ।

**सिंह**:- आज कला, साहित्य तथा संगीतमा रूचि बढ्नेछ । मनमा उत्साहका साथै बोली विक्ने समय छ । खोज मूलक कार्यमा मन पनि जानेछ ।

**कन्या** :- आज स्वादिष्ट भोजन पाईनेछ । प्रेममा मधुरता छाउनेछ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । रोकिएको धन हात पर्न सक्छ ।

**तुला** :- महत्वपूर्ण अवसर गुम्न सक्नेछ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । अनावश्यक धन खर्च होला । गरेका कार्यमा ढिलासुस्ती हुनेछ ।

**वृश्चिक** :-आज वाक्चतुर्याईँले संकल्प सिद्ध हुनेछ । चिताएको कामले तीव्रता लिनेछ । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । शुभ समाचार सुन्नमा आउला ।

**धनु** :- जोश जाँगर र हिम्मत बढ्नेछ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ । आफन्तको सहयोग प्राप्त हुनेछ । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ ।

**मकर**:- धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । पठनपाठनमा प्रगती हुनेछ । आफन्तको सहयोग प्राप्त हुनेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ ।

**कुम्भ**:- आकस्मिक धन लाभ हुनेछ । धर्म,कर्म तथा समाज सेवामा मन लाग्नेछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन । चिताएको कामले तीव्रता लिनेछ ।

**मिन** :- श्रमको उचित मुल्यांकन हुनेछ । साथी भाईको भेटघाटले मन प्रफुल्ल रहला । आर्थिक लाभ रहला । अनुहारमा कान्ति र मनमा शान्ति छाउला ।

### डीएसपी थापाको विदाई

# लहानका विभिन्न संघ संस्थाद्वारा सम्मान

**फिरोज शेख**

लहान । एक वर्षे कार्यकालसँगै सरूवा भएका इलाका प्रहरी कार्यालय लहानका प्रमुख डिएसपी शरत कुमार थापा क्षेत्रीलाई लहानका विभिन्न संघसंस्थाले बेग्लाबेग्लै कार्यक्रम आयोजना गरी सम्मानसहित विदाई गरेका छन् ।

डीएसपी थापाले ०७६ मंसिर २७ गते साँझ ७ बजेर १४ मिनेटमा इलाका प्रहरी कार्यालय लहानमा हाजिर भएर कामकाज सुरू गरेका थिए । १३ महिनाको अवधिपछि नियमित सरूवाका क्रममा डिएसपी थापाको ललितपुर जिल्लाको पाटन प्रहरी कार्यालयमा सरूवा भएको छ । यसैबीच शेख मिडिया हाउस प्रालि तथा रेडियो सरगम ९३ मेगाहर्ज लहान-८ ले आइतबार इलाका प्रहरी कार्यालय लहानका प्रमुख डीएसपी शरत कुमार थापा क्षेत्रीलाई सम्मानसहित विदाई गरेको छ । शेख मिडिया हाउस प्रालि तथा रेडियो सरगम ९३ मेगाहर्जका संचालक फिरोज शेखको अध्यक्षता तथा संचारकर्मी रमिता नेपाल लगायत रेडियोकर्मीको उपस्तिथिमा नेपालको पहिचान झल्किने मायाको चिनो र दोसल्ला सहित डिएसपी थापालाई सम्मान गर्दै विदाई गरेका हुन् । विदाई कार्यक्रममा डीएसपी थापाले आफु ०७६ मंसिर २७ गते साँझ ७ बजेर १४ मिनेटमा इप्रका लहानमा आएर लहान नगरपालिका लगायत विभिन्न संघ-संस्थाको समन्वयमा काम गर्न सहज वातावरण बनेको बताए । भनिन्छ,-तराई-मधेसका प्रहरी कार्यालयहरूमा मुद्दा धेरै आउने गर्छन् । केही वास्तविक त केही रिसिइबी साध्ने प्रवृत्तिका



हुन्छन् । जसमा नेताहरू भाँजो हाल्छन् । भोटको राजनिति गर्न थाल्छन् । प्रहरीलाई उपयोग गरी जनतलाई मुद्दाका नाममा तर्साउने धम्काउने गर्छन् । तर डिएसपी थापा राजनीति दलको नेताको चपेटामा पर्नुभन्दा परै रहे । उनले घटनाहरूलाई कानुनी दायरामा रहेर भुमिका निर्वाह गर्दै कार्य सम्पादन गर्न सफल भए ।

थापाको कार्यकालको १३ महिनाको अवधिमा इप्रका लहानमा आर्थिक वर्ष २०७६/०७७ मा २४९ वटा विभिन्न प्रकृतिका मुद्दा दर्ता भएका छन् । जसमध्ये १६९ वटा फर्स्यौट भएका छन् । अधिकांश मुद्दा डिएसपी थापाकै पालामा टुंगो लागेको छ । चालु आर्थिक वर्ष ०७७/०७८को हालसम्ममा ११५ वटा मुद्दा दर्ता भएको मध्ये ५० वटा फर्स्यौट भएको छ । चालु आवमा लागूऔषधको ४९ वटा मुद्दामा ६१ जना प्रतिवादी पक्राउ गरेका छन् । उनीहरूको साथबाट ११८ किलो गाँजा, ५१३ ग्राम ब्राउन सुगर, २०० मिलिग्राम सेतो हिरोइन, १४०७ नाइट्रोभेट ट्याब्लेट, १९३१ फेनारगन, २८० बोतल डाइलेक्स डिसिलगायत लागुऔषध बरामद भएको प्रहरीले जनाएको छ । भारतबाट भन्सार छली गरी नेपाल भित्र्याइरहेका अवस्थामा आर्थिक वर्ष ०७६/०७७ मा १ करोड ३ लाख ६१ हजार ७७७ रूपैयाँको समान बरामद र १६ जना मानिसलाई नियन्त्रणमा लिई भन्सार कार्यालयमा बुझाइएको थियो । त्यसैगरी चालु आवमा २७ लाख ७८ हजार ३३४ रूपैयाँको बराबरको सरसमान र ३ जनालाई भन्सार पठाएको छ । उनले आफ्नो एकवर्षे कार्यकालमा १७ जना फरार प्रतिवादीलाई पक्राउ गरेका छन् । उनीहरूबाट ४ लाख २६ हजार ७७३ रूपैयाँ रूपैयाँ राजश्व असुलउपर भएको छ ।

यसैगरी लहान प्रहरीले उनको कार्यकालमा ४ विघा १३ कट्ठा जग्गाको २७ हजार ७९० बोट गाँजा फडानी गरेको छ । प्रहरीका अनुसार चालु आव ०७७/०७८ को हालसम्ममा घरेलु मदिराको कच्चा पदार्थ ३२ हजार ८८९ लिटर, तयारी मदिरा १० हजार ६४० लिटर, १८९ वटा मदिरा बनाउने भाडाकुडा र २ वटा मेसिन बरामद गरी नष्ट गरेका छन् । अवैध रूपमा गिट्टी बालुवा उत्खनन् नियन्त्रण गर्न ४९ वटा ट्र्याक्टर कारबाहीका लागि लहान नगरपालिकामा बुझाएको थियो । जसबाट २ लाख ४५ हजार राजश्व असुली भएको छ । लहानको नगर प्रहरी सडक विभागको एउटा कोठामा सिमित थियो । नेपाली सेनाले आफ्नो ब्यारेक हटायो ।

त्यही ब्यारेक अब प्रहरी बस्न व्यवस्था मिलाउन डिएसपी थापाले पहल थाले । अहिले सरकारको आधिकारिक निकायहरूको काम सकेर १ विघा ५ कट्ठा ६ धुर जग्गा प्रहरीको नाममा आएको छ । यसैगरी, पक्की टोल प्रहरी चौकीका लागि नयाँ पक्की घर निर्माणाधिन अवस्थामा छ । धनगढीमाई नगरपालिका-१२ विष्णुपुरकट्टी प्रहरी चौकीका लागि पनि ५ कट्ठा जग्गा बाटोसहित प्राप्त गरेका छन् । त्यसैगरी पहिलेको जग्गामा ४ धुर थपेर भगवानपुर गाउँपालिकाको ठाडी प्रहरी चौकीमा काम अगाडी बढाइएको छ ।

लहान बजारमा शान्ति सुरक्षा कायम गर्न ठाउँठाउँमा सिसिटिभी जडान गराइएको छ ।

डिएसपी थापाका अनुसार आफुले कानुनी परिधिभित्र रहेर कामहरू गरेका छौं । सेवाग्राहीहरूले यसको मुल्याकंन गर्नेछन् । यसैबीच आइतबार नै लहान नगरपालिका लहान, उधोग वाणिज्य संघ लहान सिरहा, सिरहा सुनचाँदी व्यवसायी संघ सिरहाले पनि डिएसपी थापाको विदाई तथा सम्मान कार्यक्रम गरेका छन् ।

## नगर...

कम्प्युटरको विषयगत शिक्षक राख्न नसकेकाले आफूले जानेको कम्प्युटर सम्बन्धी सीप र ज्ञान विद्यार्थीहरूलाई बाँडिरहेको कम्प्युटर शिक्षक महतोले बताए । 'हप्ताको कम्तिमा तीन घण्टी पर्नेगरी कम्प्युटर विषयको सैद्धान्तिक र प्रयोगात्मक कक्षा पढाइरहेको छु' उनले भने । 'जाडो र गर्मी मौसममा स-साना विद्यार्थीलाई समस्या भएपछि कार्पेट, पङ्खासहित बाल विकासमा अध्ययनरत बालबालिकाको शिक्षण सिकाई प्रभावकारी बनाउन सहयोग गरिएको हो' क्लबका अध्यक्ष उमेशकुमार बिसुन्केले भने । बहुसंख्यक आर्थिक अवस्था कमजोर रहेका दलित विद्यार्थीहरू पढ्ने उक्त विद्यालयको अन्य आर्थिक श्रोत नहुँदा गाउँमा चन्दा उठाएर पाँच जना शिक्षकका लागि न्यूनतम् पारिश्रमिक दिइरहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामप्रसाद महतोले जानकारी दिए । 'सरकारी लगानीमा संचालित विद्यालयलाई नमूना बनाउन क्लबसहित नगरपालिकाले पनि सहयोग गरेको छ' अध्यक्ष महतोले भने ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# ओबिसीमा महतो निर्विरोध

पिछडा वर्ग (ओबिसी) महासभाको राष्ट्रिय अध्यक्षमा रामकुमार महतो निर्विरोध निर्वाचित भएका छन् ।

जनकपुरधाममा सम्पन्न ओबिसीको राष्ट्रिय महाधिवेशनले ४१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । सबै कार्यसमिति निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत अधिवक्ता कालेश्वर महतोले जानकारी दिए ।

नयाँ कार्यसमितिमा अध्यक्ष एक, उपाध्यक्ष पाँच, महासचिव एक, सह–महासचिव दुई, सचिव दुई, कोषाध्यक्ष एक, सहकोषाध्यक्ष एकजना रहेका छन् । यस्तै महिला सदस्य १० र पुरूष सदस्य १८ गरी ४१ जनाको कार्यसमिति निर्विरोध चयन भएको निर्वाचन समितिले जनाएको छ ।

निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई निर्वाचन अधिकृत महतोले प्रमाणपत्र वितरण र पद तथा गोपनीयताको शपथ गराए ।

## प्रदेश २...

सरकारले चालू आवमा ३३ अर्ब ५६ करोड नौ लाख ९९ हजार रूपैयाँ विनियोजन गरेको थियो । सो रकममा चालूतर्फ १५ अर्ब ४२ करोड २७ लाख र पूँजीगततर्फ १७ अर्ब ९७ करोड ८२ लाख रूपैयाँ विनियोजन गरिएको हो । आर्थिक वर्षको अन्त्यतिर मात्रै खर्च गर्ने प्रवृत्तिका कारणले दोसो चौमासिकमा समेत खर्चको खासै प्रगति हुन नसकेको बुद्धिजीवीहरूले बताएका छन् ।

गत वर्ष पनि समयमा बजेट परिचालन गर्न नसक्दा ६ अर्ब रूपैयाँ फ्रिज भएको थियो । सबैभन्दा बढी प्रदेश २ को भौतिक पूर्वाधार मन्त्रालयमा बजेट विनियोजन गरिए पनि हालसम्म सात प्रतिशत मात्र खर्च भएको मन्त्रालयले जनाएको छ । यस मन्त्रालयअन्तर्गत ८ अर्ब ४३ करोड रूपैयाँ विनियोजन गरिएको छ ।

प्रदेशसभाले पूँजीगततर्फ कुनै रकम खर्च गर्न सकेको छैन भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले अहिलेसम्म तीन प्रतिशत बजेटमात्र खर्च गरेको छ । प्रदेश २ को उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले विकासको कार्य गर्नुको साटो गत आर्थिक वर्ष गाडी खरीद र भत्तामा नै अधिकांश बजेट खर्च गरेको देखिएको छ । कोरोना संक्रमणको कारणले अधिकांश बजेट खर्च गर्न नसकेको सो मन्त्रालयले गत वर्षमा दुई करोड तीन लाख ५९ हजार रूपैयाँ बराबरको गाडी खरीद गरेको जनाएको छ ।

मन्त्रालयले गत वर्ष मन्त्रालयको साझा प्रयोगका लागि ३६ लाख ९० हजार रूपैयाँको स्कोडा कार, मन्त्री रामनरेश यादवका लागि ५३ लाख ७५ हजार रूपैयाँको महिन्द्रा स्कारपियो तथा ३७ लाख ९८ हजार रूपैयाँ पर्ने टाटा स्कोन गाडी दुई थान खरीद गरेको थियो । प्रदेश वन निर्देशनालयका लागि खरीद गरिए पनि डिभिजन वन कार्यालय महोत्तरीले प्रयोग गरिरहेको छ भने एउटा गाडी उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले प्रयोग गरिरहेको छ । त्यसैगरी प्रदेश २ सरकारले जथाभावी रूपमा रकमको दुरूपयोग गर्दै आइरहेको टिप्पणी हुँदै आएको छ । प्रदेश सरकारले जथाभावी भत्ताको नाममा रकमको दुरूपयोग हुँदै आएको एक तथ्यांकले देखाएको छ । उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको तथ्यांकअनुसार प्रदेशका मन्त्रीहरूले अनुगमनका नाममा लाखौं रूपैयाँ भत्ता लिएर दुरूपयोग गरेको देखिन्छ । उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयले गत आर्थिक वर्षमा मात्रै भत्ताको नाममा १४ लाख रूपैयाँभन्दा बढी रकम खर्च गरेको देखाएको छ । नागरिक समाजका अगुवाका अनुसार प्रदेश सरकारले शिक्षा, स्वास्थ्य, रोजगार क्षेत्रलगायतलाई प्राथमिकता दिनुपर्नेमा मन्दिर, मदरसा र पोखरीको सौन्दर्यजस्ता नाममा रकम खर्च गरिरहेको छ ।रासस


टेलिफोन नं. ०३३–६९२९२८, ९८५२८३१०३२ दर्ता नं. १२५४४०/०७१/०७२

## श्रमजिवी केयर हस्पिटल प्रा.लि.

धनगढीमाई–११, सोनापुर,सिरहा

### कर्मचारी आवश्यकता

यस अस्पतालका लागी निम्न कर्मचारीहरुको आवश्यक भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस अस्पतालमा आई सम्पर्क राख्नुहुन सुचित गरिन्छ ।

तपसिल

| क्र.सं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १. | MBBS, MS, अर्थोपेडीक | १ | काउन्सिल दर्ता भई दुई वर्ष अनुभव भएको |
| २. | MBBS, MS, जनरल सर्जन | १ | काउन्सिल दर्ता भई दुई वर्ष अनुभव भएको |
| ३. | MBBS | २ | काउन्सिल दर्ता भई दुई वर्ष अनुभव भएको |
| ४. | STAFF NURSE | २ | PCL NURSING उत्तीर्ण गरी दुई वर्ष अनुभव भएको । |
| ५. | ANM | ३ | ANM उत्तीर्ण गरी दुई वर्ष अनुभव भएको । |
| ६. | स्वयमसेविका धनगढीमाई न.पा.को प्रत्येक वडाबाट १ जना गरी | १४ | स्वास्थ्य सम्बन्धी अनुभव भएको तथा सुडेनी तालिम प्राप्त भएकोलाई विशेष प्राथमिकता । |

नोट :– तलव तथा अन्य सुविधा हस्पिटलको नियमानुसार हुने छ ।

सम्पर्क

श्रमजिवी केयर अस्पताल प्रा.लि.

धनगढीमाई –११, सोनापुर (सिरहा)

सम्पर्क नं.: ९८५२८३१०३२/९८०१५७००४८१, ९८४२८२८१९१/९८१८२२५०४७



## पकड़ियागढ बचत तथा ऋण सहकारी संस्था लि.

लहान न.पा.–१८, अमही (सिरहा)

शाखा कार्यालय लहान –६, नयाँ बजार

### कर्मचारी आवश्यकता

प्रथम पटक प्रकाशित मिति २०७७।१०।०७ गते

यस पकडियागढ बचत तथा ऋण सहकारी संस्था लि. लहान–१८, अमही (सिरहा) को लागि निम्न अनुसार कर्मचारी आवश्यक परेको हुँदा योग्य र इच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र, बायोडाटा र १ प्रति फोटो सहित ७ दिन भित्र आवेदन आव्हान गरिन्छ ।

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता | तलब/भत्ता |
|---|---|---|---|---|
| १. | बजार प्रतिनिधि | ५ | एस.एल.सी./ + २ पास/सो सरह | संस्थाको नियम अनुसार सेवा सुविधा प्रदान गरिने छ। |

सम्पर्क :– ९८५२८३१९११, ९८०३८४९८५८, ९८४२८२४६५६



## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा







लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)